# मुस्लिम आयोग

आमलुखेल, ललितपुर

मिति:२०७७।४।१६

प.स. ०७७/७८
च.नं. ३२

## इद उल अज्हा ईद मुवारक

इद उल अज्हा (ईद) संयमता, धैर्यता, विश्वशान्ति र भाइचाराको सन्देश दिन चाड हो । विश्वभरिका मुस्लिम समुदायले मनाउने महान् चाड इद उल अज्हा (कुवार्नी) मिति २०७७।४।१७ गतेका दिन नेपाल भरी मनाउने भएकोले विश्वभर छरिएर रहेका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा इल उल अज्हा (ईद) को हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कोरोना भाईरसका कारण लामो समयदेखि सामाजिक दूरी कायम गरी साविक देखिनै दैनिक रुपमा मस्जिदमा पाँच टाइमको नमाज, जुम्मा नमाज ५ जना सम्मले पढ्दै आइरहनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । इद उल अज्हाको नमाज पनि ५ जनासम्मले मस्जिदमा पढ्न पाउने र ओल्माहरु, मुफ्तिहरु, नेपाली जामे मस्जिद, पञ्च काश्मिरी तकिया जामा मस्जिदका पदाधिकारीहरुको सल्लाह बमोजिम अन्य सबै आ-आफ्नो तरिका अनुसार घरमै बसी नमाज पढी इल उल अज्हा (ईद) मनाउन सम्बन्धित सबैमा अनुरोध गर्दछु ।

कोरोना भाइरस नियन्त्रण कार्यमा मुस्लिम समुदायले देखाउनु भएको सद्भाव, सहयोगप्रति आयोग कृतज्ञता ज्ञापन गर्दछ । साथै कोरोना भाइरस अझै नियन्त्रणमा आइ नसकेको र कोरोनाको संक्रमण फैलिँदै गएको सन्दर्भमा लगडाउनको अवधिमा यहाँहरुले गर्नुभएको सहयोगजस्तै आगामी दिनमा अझ सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

कोरोना भाइरस (COVID-19) बाट जोगिन अल्लाहसँग दुवा गर्दै नेपाली राष्ट्रिय एकता, अखण्डता, अझ मजबुत बनोस्, राष्ट्र निर्माण तथा विकासको मार्गमा अघि बढोस् र समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना साकार होस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

समिम मियाँ अन्सारी
अध्यक्ष
मुस्लिम आयोग
मिति :२०७७।४।१६ गते

Scanned by TapScanner